**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम २०७५ पौष मसान्त सम्मको नेपाल गुणस्तर तथा नापतौल विभाग, बालाजुको सूचना सम्बन्धी विवरणः**

**क० निकायको स्वरुप र प्रकृतिः** औधोगिक उत्पादन र उत्पादकत्वमा गुणात्मक एवं परिमाणात्मक सुधार ल्याउन र नेपाल भरी मेट्रिक पद्दतिमा आधारित नाप र तौलको स्टाण्डर्ड कायम गरी प्रचलनमा ल्याउन गठन भएको संस्था हो ।गुणस्तर क्रियाकलाप र नापतौल कार्यहरुमा अझ वढी प्रभावकारी तथा व्यापक बनाउन यो विभाग सन् १९६४ देखि अन्तर्राष्ट्रिय नापतौल संस्था (OIML, Organization for International Legal Metrology) र सन् १९९१ देखि गुणस्तरको माथिल्लो संस्था अन्तर्राष्ट्रिय गुणस्तर संस्था (ISO, International Organization for Standardization) को पत्राचार सदस्य (Corresponding Member) रहेकोमा सन् २०१४ मा पूर्ण सदस्यता प्राप्त गरेको, सन् १९८१ देखि एशिया प्यासिफिक मेट्रोलोजी प्रोग्राम (Asia Pacific Metrology Program) को संस्थापक सदस्यता सन् २००१ देखि इन्टरनेशनल इलेक्ट्रोटेकनिकल कमिशन (International Electro-technical Commission) संस्थाको एफिलियट सदस्य (Affiliate Member) भएको हो ।

**ख) निकायको काम, कर्तव्य र अधिकारः** नेपाल गुणस्तर (प्रमाण चिन्ह) ऐन, २०३७ र स्टान्डर्ड नाप र तौल ऐन, २०२५ अनुसार सर्वसाधरण जनताको हितको लागि कुनै वस्तुको गुणस्तर निर्धारण गर्ने तथा त्यस्ता वस्तुहरुमा गुणस्तर प्रमाण चिन्ह् प्रयोग गर्ने व्यवस्था गर्ने र नेपाल भरी मेट्रिक पद्दतिमा आधारित नाप र तौलको स्टाण्डर्ड कायम गरी प्रचलनमा ल्याउने । जस अन्तर्गत देहाय अनुसारका कार्यहरु रहेका छन् ।

- ❖ प्रलेख मस्यौदा तर्जुमा गर्ने।
- ❖ गुणस्तर प्रमाण चिन्ह प्रदान गर्ने।
- ❖ गुणस्तर र नापतौल सम्बन्धी जनचेतना जागृत गर्न प्रचार प्रसार गर्ने।
- ❖ विभिन्न उद्योगहरुमा काम गर्ने प्राविधिक जनशक्तिलाई गुणस्तर सम्बन्धी तालिमप्रदान गर्ने।
- ❖ नापतौलको राष्ट्रियस्टाण्डर्ड बनाई अद्यावधिक राख्ने।

- ❖ गुणस्तर प्रमाण चिन्ह प्रयोग गर्न प्रारम्भिक निरीक्षण, चिन्ह प्रदान र आकस्मिक निरीक्षण गर्ने।

**ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणः** कुल दरबन्दी ८९ मध्ये ७१ पुर्ति ।

**घ) निकायबाट प्रदान गरिने सेवाः**

- ❖ गुणस्तर निर्धारण
- ❖ वस्तु प्रमाणिकरण
- ❖ प्रणालि प्रमाणिकरण
- ❖ खेप प्रमाणिकरण
- ❖ प्रयोगशाला प्रमाणिकरण
- ❖ विश्लेषण सेवा
- ❖ प्राविधिक सेवा तथा तालिम प्रवर्द्धन
- ❖ पुस्तकालय सेवा
- ❖ क्यालिब्रेशन सेवा
- ❖ कानूनी नापतौलको कार्यान्वयन
- ❖ अन्तर्राष्ट्रिय व्यापारमा हुन आउने प्राविधिक अवरोध हटाउन आवश्यक सेवा

**ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार पदाधिकारीः** नागरिक बडापत्रमा उल्लेखित

**च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः** नागरिक बडापत्रमा उल्लेखित

**छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी:** विभागको कार्यविधिमा उल्लेखित ।

**ज) निर्णयउपर उजुरी सुन्ने अधिकारी:** महानिर्देशक, उप-महानिर्देशक

**झ) सम्पादन गरेको कामको विवरण (२०७५ कार्तिक देखि पौष मसान्तसम्मको)-**

- ❖ **भौतिक गुणस्तर निर्धारण सम्वन्धी कार्यहरु**
  - ✓ प्राविधिक उप समितिको वैठकहरु समपन्न; ३ वटा, राष्ट्रिय दर्पण समितिको वैठक सम्पन्न १ वटा, नेपाल गुणस्तर परिषद्वारा स्वीकृत गुणस्तरहरु १५ वटा, प्राविधिक समितिबाट नेपाल गुणस्त परिषदमा पेश गर्न तयार गुणस्तरहरु ८ वटा र South Asian Regional Standards for Organization (SARSO) को Governing Board (GB) को छैठौं र Technical Management Board (TMB) को सातौं वैठक काठमाडौमा सम्पन्न गरेको ।
- ❖ **रसायनिक तथा अन्य गुणस्तर निर्धारण सम्वन्धी कार्यहरु**
  - ✓ माघ महिनामा सौन्दर्य प्रशाधनका वस्तुहरुको गुणस्तर निर्धारण गर्ने सम्वन्धी १ वटा, सुरक्षा निकायमा प्रयोग हुन् कपडाको गुणस्तर निर्धारण सम्वन्धी १ गरी जम्मा Technical Committee को वैठक संख्या २ वटा ।

- ✓ पौष महिनामा सौन्दर्य प्रशाधनका वस्तुहरुको गुणस्तर निर्धारण गर्ने सम्वन्धी १ वटा, सुरक्षा निकायमा प्रयोग हुन् कपडाको गुणस्तर निर्धारण सम्वन्धी १ र पेट्रोल, डिजल, मट्टीतेल तथा फर्नेस आयल सम्वन्धी १ वटा गरी जम्मा sub-Technical Committee को वैठक संख्या २ वटा तथा Liquid Toilet Soap को Draft Standard सम्वन्धमा SARSO मा राय/सुझाव पठाईएको र Fish & Fish Products: Salted/Unsalted Dried को Draft Standard सम्वन्धमा SARSO मा राय/सुझाव पठाईएको ।

❖ **वस्तु प्रमाणीकरण सम्वन्धी कार्यहरु:**

- ✓ NS प्राप्तिको लागि आवेदक उद्योगहरुको निरीक्षण तथा कार्वाही प्रक्रियामा रहेका उद्योगहरुको कार्तिक महिनामा २० उद्योग र २० वटा उत्पादन, मंसिर महिनामा १६ उद्योग, १६ वटा उत्पादन र पौष महिनामा २७ उद्योग, २९ वटा उत्पादनको निरीक्षण ।
- ✓ NS चिन्हको प्रयोगको लागि ईजाजत प्रदान गरिएको उद्योगहरुको संख्या: कार्तिक महिनामा ४ उद्योग ४ वटा उत्पादन, मंसिर महिनामा ६ वटा उद्योगको ६ वटा उत्पादन र ११ वटा उद्योगले नयाँ NS अनुसार (PVC Cable, HDPE Pipe) मा ७ वटा उद्योगले ईजाजत प्राप्त गरेको र पौष महिनामा २वटा उद्योगको २ वटा उत्पादन ।
- ✓ प्रक्रिया प्रमाणीकरण संख्या: पौष महिनामा २ वटा उद्योग ।

❖ **निरीक्षण तथा बजार अनुगमन सम्वन्धी कार्यहरु:**

- ✓ ३० वटा ने.गुण. प्रमाण चिन्ह प्राप्त उद्योगहरुको अनुगमन निरीक्षण गरी ७१ वटा नमूनाहरु संकलन गरिएको ।
- ✓ बजार अनुगमन निरीक्षण गरी ने.गुण. प्रमाण चिन्ह प्राप्त उद्योगहरुबाट उत्पादित वस्तुहरुको ४३ वटा नमूना संकलन गरिएको ।
- ✓ उद्योग तथा बजारबाट संकलित नमूनाहरुको परीक्षण गराउने कार्य गरिएको ।
- ✓ परीक्षण पश्चात कैफियत देखिएका १६ वटा उद्योगहरुलाई कारवाहीको सिफारिश गरिएको ।

❖ **प्रणाली प्रमाणीकरण सम्वन्धी कार्यहरु:**

- ✓ Awareness program on Certification to Management System सम्वन्धी पोखरा र चितवनमा एक दिने कार्यक्रम संचालन ।

❖ **प्रयोगशाला सम्वन्धी कार्यहरुः**

- ✓ **रसायनिक तथा माईक्रोवायोलोजी प्रयोगशालामा** कार्तिक महिनामा १०३, मंसिर महिनामा ११३ र पौष महिनामा १४० वटा नमूनाहरु परीक्षण गरिएको ।
- ✓ **भौतिक प्रयोगशाला शाखामा** ७०० वटा नमूनाहरु परीक्षण गरिएको ।
- ✓ **टेक्शटायल, पेपर र लेदर प्रयोगशालामा** १६० वटा नमूनाहरुको परीक्षण भएको

❖ **योजना तथा तालिम सम्वन्धी कार्यहरु**

तालिम शाखाबाट कार्तिक देखि पौष महिनासम्ममा ३ वटा तालिम र सेमिनार संचालन भएको

**ञ) सूचना अधिकारी र विभागीय प्रमुखको नाम र पदः**

विभागीय प्रमुखः महानिर्देशक श्री विश्ववावु पुडासैनी

स.नं. ०१४३५६८१०,email: bbp@nbsm.gov.np

सूचना अधिकारी निर्देशक (रा.प.द्वी.प्रा.) श्री दीपक ज्ञवाली

स.नं. ०१ ४३५०८१८, ९८४१३७९६९२,Email: nbsminfoofficer@gmail.com

सहायक सूचना अधिकारी शा.अ. (रा.प.तृ.) श्री सुन्दर कुमार थापा

स.नं. ०१ ४३५०८१८, ९८४१४०२८१७,email: nbsminfoofficer@gmail.com

**ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः**

नेपाल गुणस्तर (प्रमाण चिन्ह्) ऐन, २०३७

स्टयाण्डर्ड नाप र तौल ऐन, २०२५ तथा सो सम्बन्धी नियमावली, २०२७

नेपाल गुणस्तर (प्रमाण चिन्ह्) नियमावली, २०४०

पेट्रोलियम पदार्थ वितरण पम्प जाँच तथा अनुगमन कार्यविधि, २०७२

**ट) आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अध्याबधिक विवरण** (आ.व. ०७५।७६ पौष मसान्तसम्म):

- ❖ अन्य विक्रि तथा अन्य प्रशासनिक सेवा शुल्क वापत प्राप्त: ४३,५३,६६०।-
- ❖ पूँजिगत खर्च रु १२,०८,६८६।-, चालु खर्च २,७०,२०,८९५।३०।-

**ठ) वेभसाइटः** www.nbsm.gov.np, email: info@nbsm.gov.np

**ड) सूचना माग सम्बन्धी निवेदनः**

- ❖ श्री भीमलाल श्रेष्ठ, विद्युत संसार साप्ताहिक, वागबजार- नेपाल गुणस्तर- 344 अनुरुप Certified र Process मा रहेका उद्योगहरुको विवरण -२०७५।०९।१८
- ❖ श्री नेपाल विद्युत प्राधिकरण, काठमाडौ उपत्यका प्रशारण सुदृढीकरण आयोजना, खरिपाटी — सिमेण्ट तथा स्टील कम्पनीहरुको विवरण-२०७५।०९।२९